नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: 240

मिति:२०८२/०१/०७

नेपाल संवत् ११४५

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

विषयः- जानकारी एवं निर्णय कार्यान्वयन सहजीकरण सम्बन्धमा ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, श्रव्यदृश्य तथा प्रशारण शाखाको च.नं. श्रव्य/२४१८, मिति २०८१/१२/२८ को जानकारी एवं निर्णय कार्यान्वयन सहजीकरण सम्बन्धी पत्र र सोसाथ प्राप्त निर्णय आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः-

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, श्रव्यदृश्य तथा प्रशारण शाखा, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनु हुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## श्रव्यदृश्य तथा प्रशारण शाखा

## सिंहदरबार, काठमाडौं

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३८३८
दर्ता मिति:- १२/१३१

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं २०७४

प.सं. :- ०८१/८२

च.नं. :- श्रव्य/२४१८

मिति :- वि.सं. २०८१/१२/२८

ने.स. :- ११४५ चौलाथ्व १३ बिहीवार

विषयः जानकारी एवं निर्णय कार्यान्वयन सहजीकरण सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौ

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को मिति २०८१/१२/१७ गते बसेको बैठकको निर्णयको प्रतिलिपि पाना सङ्ख्या-२(दुई) यसैसाथ संलग्न गरी तहाँको जानकारी एवं निर्णय कार्यान्वयन सहजीकरणको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dinesh Khanal
dinesh.khanal@gmail.com

(दिनेश खनाल)
शाखा अधिकृत

## संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को बैठकका निर्णयहरू

१. मिति २०७९ चैत्र २ गते सम्पन्न विषयगत समितिको बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो।

२. प्रदेश तथा स्थानीय तहमा प्रयोग भएको रेडियो यन्त्रको लाइसेन्स रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ वमोजिम सूचना तथा प्रसारण विभागबाट लिने र यसरी प्राप्त गरेको लाइसेन्स प्रत्येक आर्थिक वर्ष सूचना तथा प्रसारण विभागबाट नियमानुसार नवीकरण गर्ने प्रबन्ध गर्ने।

३. नेपाल सरकारबाट सञ्चालित एकीकृत कार्यालय व्यवस्थापन प्रणाली र एकीकृत वेवसाइट प्रणाली लगायतका प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहको वडातहसम्म कार्यान्वयन गर्ने र तहगत सरकारका सूचना प्रविधि प्रणालीहरुबीच अन्तरआवद्धता कायम गर्ने।

४. प्रदेश तथा स्थानीय तहबाट सम्पादन हुने एउटै प्रकृतिका कार्यहरुको लागि एकीकृत सूचना प्रविधि प्रणाली बनाई सम्बन्धित सार्वजनिक सेवाहरु नागरिक एपसँग आबद्ध गरी कार्यान्वयन गर्ने।

५. एक स्थानीय तह एक हुलाकको अवधारणा अनुसार स्थानीय तहमा स्थापना भएका हुलाक कार्यालयको प्रभावकारी परिचालन गर्दै विद्युतीय व्यापारसँग आवद्ध गर्न तीनै तहबाट सहयोग, समन्वय र सहजीकरण गर्ने। तीनै तहका सरकारी निकायले सरकारी चिठीपत्र, कागजात, पुलिन्दा, लिखत लगायतका वस्तुहरू हुलाक मार्फत पठाउने। देशभरका हुलाक कार्यालयहरूका जग्गा, भवन तथा भौतिक सम्पत्तिको संरक्षण गर्न प्रदेश तथा स्थानीय तहले सहयोग र सहजीकरण गर्ने। आगामी आर्थिक वर्षमा काठमाण्डौको उपयुक्त स्थानमा EMS काउन्टर स्थापना गर्न हुलाक सेवा विभागले आवश्यक कार्य अगाडि वढाउने।

६. विज्ञापन बजारलाई व्यवस्थित गरी स्वच्छ व्यवसायिक वातावरणको निर्माण गर्दै प्रदेश सरकारको करको आधार विस्तार गर्न प्रदेश सरकारले विज्ञापनको अनुगमन तथा नियमन गर्ने निर्देशिका तयार गरी कार्यान्वयन गर्ने।

७. स्वच्छ, व्यवसायिक वातावरणको निर्माण गर्दै स्थानीय तहको करको आधार विस्तारको लागि स्थानीय तहलाई विज्ञापन सम्बन्धी ऐन बनाई कार्यान्वयन गर्न अनुरोध गर्ने। यसका लागि नेपाल नगरपालिका संघ र गाउपालिका राष्ट्रिय महासंघले समेत आवश्यक समन्वय र सहजीकरण गर्ने।

८. केही स्थानीय तहहरूले मोवाइल टावर स्थापना गर्ने क्रममा थप स्थानीय कर लिने गर्दा मोवाइल तथा दूरसंचार पूर्वाधार निर्माणमा कठिनाइ एवम् थप आर्थिक भार बढेकोले यस प्रकारको दोहोरो कर लिने व्यवस्था हटाउन स्थानीय तहले आवश्यक पहल गर्ने। ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी स्थानीय तहको वडा कार्यालय, सामुदायिक विद्यालय र सामुदायिक स्वास्थ्य केन्द्रसम्म विस्तार भएको ब्रोडब्याण्ड सेवाको नि:शुल्क सेवाको अवधि पश्चात सेवा निरन्तरको लागि स्थानीय तहले आवश्यक व्यवस्था गर्ने।

०८०।१२।१८

९. नेपालको भौगोलिक एवं सामाजिक सांस्कृतिक विविधताको अधिकतम उपयोग गरी मनोरम चलचित्र छायाङ्कन स्थलको पहिचान र प्रवर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटक प्रबर्द्धन मार्फत आन्तरिक आयको भरपर्दो स्रोतको रुपमा विकास गर्न एवं चलचित्र क्षेत्रलाई उद्योगको रुपमा विकास गर्न संघ, प्रदेश र स्थानीय तहबीच नीतिगत र कार्यात्मक समन्वय गरी एकरुपता कायम गर्ने।

१०. संघ, प्रदेश र स्थानीय तहमा सञ्चार माध्यमको दर्ता, नवीकरण, अनुगमन तथा नियमनका साथै अन्य कार्यमा एकरुपता ल्याउने गरि नीतिगत व्यवस्था एवं कानूनको निर्माण गर्ने ।

११. देशको सम्पूर्ण भू-भागमा सार्वजनिक सेवा प्रसारण नेपालको प्रसारण पहुँच सुदृढीकरण र विस्तार गर्न प्रदेश र स्थानीय तहबीच सहकार्य गरी नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्ने।

१२. सूचनाको हक प्रवर्द्धन, अनुगमन र क्षमता विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने । प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवस देशव्यापी रुपमा मनाउने व्यवस्था मिलाउने।

१३. संघ, प्रदेश र स्थानीय सरकारबाट स्वीकृत भएका कानूनको छपाई र सार्वजनिक प्रकाशनका लागि राजपत्र छपाईमा नियमितता र एकरुपता कायम गर्ने। सुरक्षण मुद्रण ऐन, २०८१ बमोजिम संवेदनशील सरकारी दस्तावेजको मुद्रण सुरक्षण मुद्रण केन्द्र मार्फत गर्न संघ, प्रदेश र स्थानीय तहलाई जानकारी गराउने ।

१४. राष्ट्रिय भाषा आयोगवाट सिफारिस भएका प्रदेश भित्र स्थानीयस्तरमा बोलिने प्रमुख मातृभाषाको समाचार तयार गर्न, प्रकासन र प्रसारण मार्फत संरक्षण र सम्वर्द्धन गर्न प्रदेश सरकारबाट बजेट तथा कार्यक्रम मार्फत आवश्यक व्यवस्था गर्ने।

१५. प्रदेश सरकारका मन्त्रालय तथा स्थानीय तहमा रिक्त पदको कर्मचारी व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

१६. विषयगत समितिको अर्को बैठक आगामी ३ महिना भित्र आयोजना गर्ने र यस बैठकका निर्णय कार्यान्वयनको अवस्था नियमित रुपमा अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था विषयगत समितिको सचिवालयले गर्ने।

मितिः २०८१ चैत्र १७ गते आइतबार।
काठमाडौं, नेपाल।

०८१।१२।१६

**मा. पृथ्वीसुब्बा गुरुङ**
**मन्त्री**